# कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान, जुम्ला

## स्नातक तह (MBBS, BNS, BNS Midwifery, B. Pharm तथा BPH को भर्ना सम्वन्धि सूचना

**(प्रकाशन मितिः २०७८/०६/१४)**

चिकित्शा शिक्षा आयोगको मिति २०७८/०६/१३मा प्रकाशित चिकित्सा शिक्षा स्नातक तहको छात्रवृत्ति कोटामा कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान, शिक्षण अस्पताल, जुम्लामा मनोनियन हुनुभएका **(MBBS, BNS, BNS Midwifery, B. Pharm तथा BPH** बिषयसँग सम्बन्धित विद्यार्थीहरुले आयोगको तोकिएका निम्न सर्तहरु पालना गरी देहायको मिति समय र स्थानमा भर्ना प्रकृयाको लागि सम्पर्क गर्न हुन अनुरोध गरिन्छ।

**<u>सर्तहरुः</u>**

१.प्रतिष्ठानबाट उपलब्ध गराइएको आवेदन फाराम तोकिएको ढाँचामा भरी ल्याउनु पर्नेछ र फारममा गर्ने हस्ताक्षर तथा टास गरिने फोटो चिकित्सा शिक्षा आयोगको एकीकृत प्रवेश परिक्षामा आवेदन फाराम भर्दाको एउटै हुनुपर्नेछ।

२.प्रतिष्ठानले उपलब्ध गराइएको चिकित्शा शिक्षा आयोगको ढाँचामा उपलब्ध कबुलियतनामा फाराम छात्रवृत्ति कोटामा भर्ना हुने उम्मेद्‌वारहरुले राष्ट्रिय चिकित्सा शिक्षा (पहिलो संशोधन) नियमावली, २०७८ को अनुसूची ६ बमोजिमको कबुलियतनामा गर्नुपर्नेछ।

३. भर्नाको लागि आउदा चिकित्सा शिक्षा आयोगको प्रवेश परिक्षाको प्रवेशपत्र, आफुले पेश गरेका शैक्षिक प्रमाणपत्रहरु सबैको सक्कल प्रमाणपत्रहरु र नागरिकता प्रमाणपत्र सहित एक एक प्रति प्रमाणित प्रतिलिपि ल्याउनु पर्नेछ।

४. सरकारी कोटामा छनौट भएका उमेद्‌वारहरुले आफुले ६ कक्षा देखि १० कक्षासम्म अध्ययन गरेको विद्यालय सरकारी विद्यालय हो भनी सम्बन्धित पालिकाको शिक्षा इकाई वा जिल्ला शिक्षा कार्यालयले प्रमाणित गरेको सक्कल प्रमाणपत्र पेश गर्नुपर्नेछ।

५.आरक्षण कोटामा छनौट भएका उमेद्‌वारहरुले सम्बन्धित आरक्षण दर्ता प्रमाणपत्रको सक्कल प्रमाणपत्र पेश गर्नु पर्नेछ।

६. अपाङ्ग कोटामा छनौट भएका उमेद्‌वारहरुले अपाङ्गताको दर्ता प्रमाणपत्रको सक्कल प्रमाणपत्र र निजले चिकित्सा शिक्षामा अध्ययन गर्न सक्छ भनि प्रमाणित गरेको चिकित्सकको सिफारिस पेश गर्नु पर्नेछ।

७. लागु हुनेको हकमा आफुले अध्ययन गरेको विषयको सम्बन्धित काउन्सिल दर्ताको सक्कल प्रमाणपत्र पेश गर्नु पर्नेछ ।

८.कृषि बिकास बैंक जुम्ला शाखाको खाता नं. ०७२१३००६२७९७१०१४ मा प्रतिष्ठानले तोकेको विभिन्न शिर्षक अर्न्तगतको रकम रु.२४,०००।– (अक्षेरुपी चौबिस हजार मात्र) जम्मा गरेको सक्कल भौचर पेश गर्नु पर्नेछ ।

९. उमेद्वारले कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठनाको विद्यार्थी भर्ना सम्बन्धि आचार समिता पूर्ण रुपमा पालना गर्नुपर्नेछ ।

**<u>तपशिल</u>**

क. भर्ना मितिः २०७८/०६/१५ देखि २०७८/०६/१९ गतेसम्म ।

ख. समयः दिनको ११:०० बजे देखि अपरान्ह ३:०० बजे सम्म ।

ग. स्थानः प्रतिष्ठानको केन्द्रिय कार्यालय जुम्ला वा प्रतिष्ठानको ललितपुर स्थित महालक्ष्मीस्थान चोक रिङ्गरोडमा रहेको सम्पर्क कार्यालय ।

**<u>थप जानकारिको लागि</u>**

प्रतिष्ठानको केन्द्रिय कार्यालय जुम्ला फोन नं.–०८७–५२०३५५,५२०१९५
प्रतिष्ठानको ललितपुर स्थित महालक्ष्मीस्थान चोक रिङ्गरोडमा रहेको सम्पर्क कार्यालयको
फोन नं. ०१-५१७०६२२ वा निम्न ब्यक्तिहरुसँग कार्यालय समयभित्र सम्पर्क गर्नका लागि जानकारी गराइन्छ ।

१. डा.रमेश भट्टराई फोन नं. ९८५११३७२८४
२. डा. सुर्यमान मेन्याङ्गो फोन नं. ९८५२६६२२७७
३. श्री अमृत बहादुर भण्डारी फोन नं. ९८५१०२५८२६
४. श्री इन्द्रराज डाँगी फोन नं. ९८५८३२०४७०